सम्पर्क नं: ०२५-५८००२४

स्थानीय सरकार

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८२/०८३
च.नं.-

मिति : २०८३/०२/०६

**विषयः आशय पत्र माग गरिएको ( दोस्रो पटक) ।**

यस नगरपालिकाको सार्वजनिक निजी साझेदारी समितिको मिति २०८३ साल जेठ ०५ गतेको बैठकको निर्णय निर्देशन बमोजिम दुहवी नगरपालिकाको स्वामित्वमा वडा नं. ५ मा रहेको किनं. २६ अन्तर्गत रहेको निर्माण भएको भवनमा थप निर्माण तथा तल्ला थप हुने गरि **"व्यवसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन योजना"** सार्वजनिक निजी साझेदारीमा निर्माण/सञ्चालन तथा व्यवस्थापन गरिने भएकोले इच्छुक लगानीकर्ता तथा साझेदारहरुको योग्यता क्रम निर्धारणका लागि योग्य लगानीकर्ता व्यक्ति, संस्था, फर्म, कम्पनी, निकाय वा समुदायबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तल उल्लेख भएको विवरण र कागजात सहित यस कार्यालयको पूर्वाधार तथा शहरी विकास शाखामा सोझै दर्ता हुने गरी सिलबन्दी आशय-पत्र पेस गर्नुहुन अनुरोध गरिन्छ । यस बारेमा केही बुझ्नु परेमा नगरपालिकाको पूर्वाधार तथा शहरी विकास शाखामा वा फोन नं. ९८४२२६४२२२ मा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

**क. आशय-पत्र माग गरिएको योजनाको संक्षिप्त विवरणः**

१. योजनाको नामः "व्यावसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन"

२. प्रस्तावित योजनाको संक्षिप्त विवरणः दुहवी नगरपालिकाको स्वामित्वमा यसै पालिकाको वडा नं ५ मा अवस्थित कि नं २६ मा निर्माण भएको भवनमा थप निर्माण तथा तल्ला थप हुने गरि सार्वजनिक निजी साझेदारीमा दुहवी नगरपालिका र सम्बन्धित लगानीकर्ता साझेदार बीच यस पालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८० र कार्यविधि २०८१ को अधिनमा रहि सम्झौता गरी **"व्यावसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन"** गरिने छ ।

३. प्रस्तावित योजनाको खर्च व्यहोर्ने स्रोतः जग्गा जमिन नगरपालिकाको स्वामित्वको रहने छ भने व्यवसायिक भवनको निर्माण, सञ्चालन तथा व्यवस्थापन साझेदारले पेश गर्ने आसय-पत्र र प्रस्तावको आधारमा सम्भावनाको समेत अध्ययन गरी यसै नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, को दफा ५ मा भएको व्यवस्थाका आधारमा नगरपालिकाको निर्णय बमोजिम एकल वा संयुक्त लगानीमा हुनेछ ।

४. योजनाको निर्माण कार्य सम्पन्न गर्न लाग्ने समय सीमा तथा सञ्चालन व्यवस्थापनको अवधि संक्षिप्त रुपमा आसय-पत्रका साथ र पछी पेश गरिने विस्रित प्रस्तावका साथ प्रस्तावकले पेश गरेको ड्रइङ डिजाइन, निर्माणका लागि प्रयोगहुने निर्माण सामाग्रि र निर्माणहुने भवनको आयु समेतको विस्रित अध्ययन गरी नगरपालिकाको निर्णयका आधारमा दुवै पक्षको सहमतिमा गरिने सम्झौता बमोजिम निर्धारण हुनेछ ।

५. दुहवी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८० को दफा ५ को अधिनमा रहि सम्बन्धित व्यवसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि एकल लगानीको आसय-पत्र तथा प्रस्तवालाई भने नगरपालिकाले प्रथम प्राथमिक्ता दिन सक्नेछ ।

**ख. आसय-पत्रका साथ पेश गर्नुपर्ने विवरणहरु**

१. दुहवी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०८० को दफा १७ बमोजिम आसय-पत्र पेश गर्दा दुहवी नगरपालिकाको सार्वजनिक निजी साझेदारी कार्यविधि, २०८१ को अनुसूचि १ मा भएको व्यवस्था बमोजिम साझेदारिको ढाँचा अन्तर्गत पूर्वाधारयुक्त संरचान निर्माण, सञ्चालन तथा व्यवस्थापनका ढाँचाहरु मध्ये कुनै एक ढाँचा, ऐन को दफा ५ बमोजिम एकल वा संयुक्त लगानीको ढाँचा

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं: ०२५-५४००२४

# स्थानीय सरकार
# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.-२०८२/०८३
च.नं.-

मध्ये कुनै एक, लगानी स्रोतको सुनिस्चितताका आधारहरु र आफुले निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न चाहेको व्यवसायिक भवनको संक्षिप्त झलक तथा प्रारम्भिक ड्रइङ डिजाइन समेत झल्कने गरी आवश्यक विवरण सहितको आसय-पत्र - १

२. आशय-पत्र पेश गर्नेको योग्यता प्रचलित ऐन तथा दुहवी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन तथा कार्यविधिमा भएको व्यवस्था बमोजिमको हुनु पर्नेछ।

३. आशय पत्र पेश गर्ने साझेदार कुनै फर्म वा कम्पनी वा निकाय भएमा सोको आधिकारिक कागजात तथा प्रमाण-पत्र साथै सङ्गठनात्मक संरचना तथा विवरणहरु समावेश गर्नु पर्नेछ।

४. संयुक्त उपक्रमको रुपमा योजना कार्यान्वयन गर्ने भए संयुक्त उपक्रममा सहभागिहुनेहरुको नाम, ठेगाना, विवरण साथै उक्त उपक्रममा मुख्य भूमिका निर्वाहा गर्नेको नाम र पदः Joint Venture को प्रावधान अनुसार पेश गर्नु पर्नेछ।

५. प्रस्तावित योजना कार्यान्वयनमा समावेश हुने प्रमुख जनशक्तिको योग्यता र अनुभवको संक्षिप्त विवरण उल्लेख गर्नु पर्नेछ।

६. आसय-पत्रका साथ प्रस्तावित योजनाको निर्माण कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय सीमा र सञ्चालन व्यवस्थापन गर्नका लागि माग गरिएको समयावधि स्पष्ट उल्लेख गर्नु पर्नेछ।

७. आशय-पत्र पेश गर्नेको बैक्तिगत विवरण सहितका कागजातहरु समावेश गर्नु पर्नेछ।

८. लगानी स्रोतको सुनिस्चितताको विश्वासिलो आधारको पुष्ट्यायी सहितका कागजात।

नोटः१. आशय-पत्र पेश गर्नका लागि चाहिने आसय-पत्रको ढाँचा कार्यालयको Website मार्फत प्राप्त गर्न सकिने छ साथै नगर कार्यपालिकाको कार्यालय, पूर्वाधार तथा शहरी विकास शाखामा सम्पर्क गरी लिन सकिनेछ।

२. आसय-पत्र पेश गर्न इच्छिक लगानीकर्ता तथा साझेदारले तोकिएको समय सीमा भित्र तोकिएको शाखामा दर्ता गरिसक्नु पर्नेछ अन्याथा समय सीमा नाघेर आएका आसय-पत्रहरु स्वीकार गर्न नगरपालिका बाध्य हुने छैन।

३. आसय-पत्रका साथ माग गरिए बमोजिमका विवरणहरु पेश नगर्नेको हकमा त्यस प्रकारका आसय-पत्र स्वीकार गर्न तथा योग्यता क्रम तोक्न नगरपालिका बाध्य हुने छैन।

४. सामुदायिक रुपमा योजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने गरी समुदायबाट पेश गरिने आसय-पत्रको हकमा भने यस योजनामा सहभागि हुन चाहाने सम्बन्धित सरोकारवालाको समूह गठनको निर्णय, सरोकारवालको परिचय पत्र सहितको व्यक्तिगत विवरण र लगानी साझेदारीको मात्रा साथै त्यस्को सुनिस्चितता, समूहको नेतृत्व, नेतृत्वको जिम्मेवारी, स्पष्ट खाका र व्यवसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन प्रकृया र पद्धती सहितको संयुक्त प्रतिवद्धता-पत्र पेश गर्न अनिवार्य रहनेछ।

५. आसय-पत्र पेश गर्ने अन्तिम दिन कारणवस सार्वजनिक विदा पर्न गएमा त्यस्को भोलिपल्ट कार्यालय समय भित्र आसय-पत्र दर्ता गर्न सकिनेछ।

६. आसय-पत्र दर्ता गर्नका लागि लगानीकर्ता साझेदार स्वयं वा निजले तोकेको आधिकारिक प्रतिनिधिको उपस्थिति अनिवार्य रहने छ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत